नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर ।

मिति: २०८१।०२।३१

## मिति २०८१ आषाढ १० र १२ गते (तदनुसार २०२४ जुन २४ र २६ ) मा हुने हवाई उडानबाट दक्षिण कोरिया जाने कामदारहरुको लागि अत्यन्त जरुरी सूचना ।

यसै साथ संलग्न HRD Service of Korea बाट उल्लेखित मितिको हवाई उडानका लागि प्राप्त भएका नामावलीको सूचिमा भएका व्यक्तिहरूले तपसिल बमोजिमका कागजातहरू तपसिलको मिति र समयमा अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । सूचिमा नाम भएका व्यक्तिहरुले उडान पूर्व गर्नुपर्ने आवश्यक तयारी (अनलाईन श्रम स्विकृति) लिई तोकिएको मिति र समयमा कोरिया प्रस्थान गर्नु पर्नेछ । तोकिएको मिति र समयमा तयारी नगर्ने कामदारहरूको निर्धारित उडान तालिका प्रभावित हुन सक्ने व्यहोरा जानकारी गराईन्छ । उडान नामावली सूचिमा नाम भएका तर कोरिया जान नचाहनेहरुले सोको जानकारी यथाशिघ्र लिखित रुपमा यस शाखामा गराईदिनुहुन समेत अनुरोध छ ।

**पुनश्चः-** श्रम स्विकृतिको आवेदन स्विकृत भएमा सो को निस्सा सम्बन्धित व्यक्तिहरुले जुनसुकै ठाउँबाट (https://feims.dofe.gov.np/Common-Login.aspx) मा गई आफ्नो Username र Password प्रबिष्टि गरी प्रिन्ट गर्न सकिने छ ।

- सम्बन्धित व्यक्तिले www.visa.go.kr मा गई आफ्नो भिषा जारी भएको नभएको हेर्न सकिने छ ।

### कार्यालयमा राहदानी लिन आउँदा गर्नुपर्ने कार्यहरु:

- माछापुच्छ्रे बैंकमा ई.पि.एस. कार्यालयको खातामा ४६.२० डलर बराबरको नेपाली रूपैयाँ पोर्टलमा गई अनलाइनबाट दाखिला गर्ने र सो भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- कम्तिमा ६ बर्षे वैदेशिक रोजगार आवधिक जीवन वीमा गर्ने र सो भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- वैदेशिक रोजगार कल्याणकारी कोष वापतको रकम रु. २५००/- र नेपाल सरकारले वैदेशिक रोजगारमा जाने नेपाली श्रमीकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागि गराउने निर्णय गरेकोले सो सामाजिक सुरक्षा कोषवापत न्यूनतम रु २३०८/- भुक्तानी गर्नुपर्ने र सो रकम भुक्तानी प्रदायक संस्थाहरुबाट अनलाईनमै भुक्तानी गर्न सकिने छ ।
- UBT पासर कामदारको हकमा व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, भैसेंपाटी ललितपुरबाट लिएको पूर्व अभिमुखिकरण तालिम (Pre–Departure Training) को प्रमाणपत्रको प्रतिलिपि, पेश गर्नु पर्ने छ ।
- हवाई टिकट कोरियन एयरको **GSA Universal Tours & Travel** (राष्ट्रपति भवन अगाडि) माहाराजगंज बाट **USD 895** भुक्तानी गरी लिन सकिने छ ।

### पूर्व अभिमुखिकरण तालिम र राहदानी वितरण गर्ने मिति र समय:

- मिति २०८१ आषाढ १० गते उडान हुने रेगुलर कामदारहरुले मिति २०८१ आषाढ ०९ गते (तदनुसार २३ जुन, २०२४) आईतबार बिहान ११0:00 बजे ।
- मिति २०८१ आषाढ १० गते उडान हुने कमिटेड कामदारहरुले मिति २०८१ आषाढ ०९ गते (तदनुसार २३ जुन, २०२४) आईतबार बिहान ११0:00 बजे ।
- मिति २०८१ आषाढ १२ गते उडान हुने कमिटेड कामदारहरुले मिति २०८१ आषाढ ११ गते (तदनुसार २५ जुन, २०२४) मंगलबार बिहान ११:०० बजे ।

**पुनश्चः-**अभिमुखीकरणमा सबैजना स्वास्थ्य प्रोटोकल पालना गरी अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ ।

- उडान मिति भन्दा एक दिन अगावै तोकिएको स्वास्थ्य संस्थाबाट VDRL परिक्षण गराई सो को सक्कलै निस्सा साथमा लिएर जानु पर्नेछ ।
- साथै दक्षिण कोरिया जादा अनिवार्य रुपमा नागरिकता ,प्यान कार्ड र कोरियाबाट जारी भएको Q कोडको प्रिन्टकपि साथमा राख्नुपर्नेछ ।

शाखा अधिकृत

ई .पि. एस. कोरिया शाखा